पाठ–२

# ईद

राप्तीसोनारी गाउँपालिका ७ मा एउटा सुन्दर मुस्लिम समुदायको बस्ती छ । त्यस समुदायमा एक जना मोहमद नफिल नाम गरेको चतुर विद्यार्थी बस्छन् । मोहमद नफिल आफ्नो समुदायका मानिसहरुले मनाउँदै आएका मोहमद डे, ताजिया भन्दा इद पर्व मन पराउँछन् । यो पर्वलाई रमजान पनि भन्छन् । मोहमद नफिलले पहिलो पर्वका रुपमा ईदुलफित्र ईद जनवरी महिनाको




३० दिनको अन्तिम हरेक दिन निर्जल समेत पालना गरेर कठोर ब्रत रोजा बस्छन् । त्यसै पर्वको खुशीयालीमा ३०औं दिनमा रमजान पर्व इद उसका सबै समुदायका मानिसहरुले हर्षोल्लास र धुमधामका साथ मनाउने गर्दछन् । ईदुलफित्र ईद रमजान एक महिनासम्म सूर्य नअस्ताउन्जेलसम्म पूर्ण रुपमा उपवास बस्ने र अर्को महिनाको शुरुको दिनको चन्द्रमाको दर्शन गरेपछि मात्र खाने चलन भएको कुरा उसले आफ्नी आमाबाट थाहा पाउँछ ।




इदको दिनमा विहानै मोहमद नफिल स्नान गरेर नमाज पढ्न मस्जिद जानका लागि राम्रा राम्रा नयाँ कपडा लगाउँछ । त्यहाँ जानु अघि सम्पूर्ण मानिस एउटा निर्धारित

सद्का-ए-फित्र धर्मदानलाई निकालेर गरिब, असहाय वा मदरसालाई दिनु पर्छ भनेर आफ्ना मान्यजनबाट सिक्छ। सद्काजकातका लागि धनीवर्गले आफ्नो संचित धनको २.५ प्रतिशत हिस्सा गरिब, असहाय वा मदरसालाई जकात गर्नु पर्ने नियम समुदायबाट थाहा पाउँछ। बिहान सूर्यको आगमन पश्चात् इदको नमाज पढ्न मस्जिदमा गएर अल्लाहु अक्वर, अल्लाहुअक्बर, लाईलाहु इल्लाल्लहु, बल्लहु अक्बर अल्लाहु, अल्लाहु अक्बर बलिल्लाहिलहम्द अर्थात अल्लाह सबैभन्दा महान हुन, उनका अतिरिक्त अरु कोही छैन्। अल्लाह सवैभन्दा महान हुन, सवै प्रशंसा अल्लाहकै लागि हुन् जस्ता प्रार्थना एकत्रित भएर गर्छ र साथीभाइ  तथा अग्रजहरुलाई गरेको देखेर उत्साहित हुन्छ।

ईदुलफित्र ईद सकिएको दुई महिना दस दिनपछि मुस्लीम समुदायले मनाउने दोस्रो पर्व ईदुज्जुहाबकरी इद हिजरी सम्वत अनुसार उदर्भ महिनासम्म अद्धितीय कुरवानी बलिदानीको सम्झनामा मनाइने प्रमुख चाड हो। तीनदिनसम्म मनाइने यो पर्वलाई बकरइद पनि भनिन्छ। हिजरी सम्वतअनुसार १४३५ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्नो छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको कुरा नफिलले धर्मगुरुबाट थाहा पाउँछ। यसै अवसरमा बाख्रा, राँगो, भेडा, उँट लगायत स्वस्थ जनावरहरुको बलिदिएर जम्मा भएको मासुको तीन भाग लगाएर १ भाग विपन्न परिवार, १ भाग नातेदार तथा इष्टमित्र र १ भाग घरपरिवारमा राख्ने धार्मिक मान्यता रहेको नफिलले बताउँछ। ईदुलफित्र ईद रमजान र ईदुज्जुहावकरी इदको अवसरमा नेपाल सरकारले सार्वजनिक विदा दिने गरेकोमा नफिलले खुशी व्यक्त गर्दछ।

### क) तलका शव्दको अर्थसँग जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| फित्र | धर्म |
| अल्लाह | शुभकामना |
| मुवारक | भगवान |
| इस्लाम | दान |

**क) तलका प्रश्नहरुको मौखिक उत्तर दिनुहोस् :**

अ) छोक्रानाच कुन समुदायका मानिसहरुले नाच्दछन् ?
आ) छोक्रानाचमा लगाइने कपडा तथा गहनाहरुको नाम भन्नु होस् ?
इ) कुन समयमा छोक्रानाच नाच्ने गर्दछन् ?
ई) यो नाच कुनकुन जिल्लामा प्रख्यात छ ?
उ) तपाईँको गाउँमा कुनकुन नाचनाच्ने गर्दछन् ?
ऊ) तपाईँलाई मन पर्ने कुनै ४ वटा नाचहरु भन्नुहोस् ?

**ख) तपाईँको समुदायमा नाचिने नाच, लगाइने गहना र बजाइने बाजा तालिकामा भर्नुहोस् ।**

| क्र.सं. | नाच | गहना | बाजा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**ग) तपाईँको छिमेकीमा नाच्ने नाचको बारेमा आमाबुवालाई सोधेर एक अनुच्छेदमा लेख्नुहोस् :**

**माथिको बसन्तपुरको कथा पढेर तलका प्रश्नको उत्तर कापीमा लेख्नुहोस् :**

अ) बसन्तपुरमा मनाउने जन्म, बिवाह लगायतका उत्सव र चाडपर्वहरु हाम्रो गाउँको भन्दा के कारणले फरक छन् ?

आ) बसन्तपुरका बालबालिका, बृद्धबृद्धा र अशक्तहरु किन दुःखी छैनन् ?

इ) बसन्तपुरमा लाग्ने रमाइलो मेलापर्वका राम्रा कुराहरु के के हुन् ?

ई) तपाईँको गाउँलाई पनि बसन्तपुरजस्तै बनाउन कसले के गर्नुपर्छ ?

## ङ) परियोजना कार्य वा प्रयोगात्मक कार्य

अ) चाडपर्व र उत्सवहरुमा फजुल खर्च गर्न मन पराउने तिम्रो साथीलाई त्यसो गर्नु सामाजिक सद्भावका हिसावले राम्रो होइन भन्ने कुरा उल्लेख गर्दै चिट्ठी लेख्नुहोस् ।

आ) चाडपर्व, मेला र उत्सवहरुलाई व्यवस्थित, रमाइलो र उपलब्धिमूलक बनाउन के कस्ता कुराहरुमा सावधानी अपनाउनुपर्दछ भन्ने विषयमा गाउँका केही भद्र मानिसहरुलाई सोधपुछ गरी उनीहरुले दिएका प्रतिक्रियाहरुलाई समेटेर आफ्नो विचार समेतका आधारमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ–७

# फलफूल र तरकारी खाने तरिका

## क) हेरौँ, छलफल गरौँ र जवाफ लेखौँ :



### प्रश्नहरु

अ) माथिको चित्रमा भएका फलफूल र तरकारीहरुको नाम भन्नुहोस् र कपिमा पनि लेख्नुहोस ।

आ) चित्रमा भएका तरकारी र फलफुलमध्ये तपाईँलाई मन पर्ने तरकारी र फलफूलको नाम भन्नुहोस् ।

इ) माथिको चित्रमा नभए पनि तपाईँलाई मन पर्ने तरकारी र फलफूलको नाम भन्नुहोस् ।

ई) माथिको चित्रमा भएका तरकारी र फलफूलमध्ये तपाईँले कुन कुन तरकारी र फलफूल कसरी खानु भएको छ ? कपिमा लेख्नुहोस् ।

| | | | |
|---|---|---|---|
| **लसुन:**<br>पेटको रोग<br>(ग्यास्ट्रिक) |  | **गन्धे झार :**<br>काटेको घाउमा |  |
| **निम:**<br>औलो ज्वरोमा |  | **ज्वानो :**<br>घाटीबसेमा |  |

त्यसपछि मेलिनाले जगरैना, नेल्ठा, मुलजरो र सितोलेला भन्ने ४ वटा जडिबुटी वडा नं ८ मा बस्ने फूपुले खोजेर ल्याउनु भएको तर उपयोगिता थाहा नभएको बताइन। शिक्षकले सबै समूहलाई धन्यबाद दिनुभयो। घरमा गएर आ-आफ्नो अनुभव सुनाउन तथा अभिभावकसंग थप कुराहरु सोध्न भन्नुभयो।

## ग) तलका प्रश्नहरुको उत्तर लेखौँ :

अ) विद्यार्थीहरु शैक्षिक भ्रमण गर्न कुन ठाउँमा गएका थिए ?

आ) आँक र तुलसीको १/१ वटा उपयोगीता लेख्नुहोस्।

इ) राप्तिसोनारीको वडा नं ८ बाट मेलिनाको फूपुले ल्याएका जडिबुटीहरु कुन-कुन थिए ?

ई) खोकी लाग्दा खाइने २ वटा जडिबुटीको नाम लेख्नुहोस्।

## च) खाली ठाँउमा उपयुक्त शब्द भर्नुहोस् :

(प्राकृतिक, करेशाबारी, खर्चिलो, करेशाबारीमा सिंचाई गर्न वा गाइभैसींलाई खुवा( उन, नुनिलो पानी, डुङ्गा)

अ) पृथ्वीमा ७१% ............भएका समुन्द्र छन् ।
आ) नदी, खोला, ताल र झरनाको पानीलाई ............पानी भनिन्छ ।
इ) नुहाउँदा, कपडा धुँदा निस्किएको पानीलाई .....................मा प्रयोग गर्न सकिन्छ ?
ई) आकासे पानीलाई सङ्कलन गरेर ...................काममा प्रयोग गर्न सकिन्छ ।
उ) बोतल वा जराको पानी शुद्द भए पनि ..........................हुन्छ ।

## छ. तपाईँको क्षेत्रमा कुन कुन ठाउँको पानीको प्रयोग कुन कुन काममा गरिन्छ ? सूची तयार पार्नुहोस् :

| क्र. स. | ट्यांकी मार्फत वितरित पानी | तालको पानी | नदी/खोलाको पानी | झरनाको पानी | हातेपम्पको पानी | इनारको पानी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## ज) परियोजना कार्य :

तपाईँको समुदायमा पानी कुन कुन काममा प्रयोग भैरहेको छ ? तपाईँ पिउने तथा घरायसी उपयोगको पानी कहाँबाट प्राप्त गर्नुहुन्छ ? तपाको समुदायमा पानीलाई शुद्द गर्न कुन कुन क्रियाकलापहरु गरिन्छ ? पानीको मितव्ययी प्रयोग कसरी गर्न सकिन्छ ? अभिभावक वा जान्ने मानिसलाई सोधेर लेख्नुहोस ।

### शिक्षकका निम्ति अनुरोध :

पानीको उपयोगिता र मितव्ययी प्रयोग सम्बन्धी फोटो वा भिडिओहरु मोबाइल वा कम्प्युटरमा डाउनलोड गरि कक्षा प्रदर्शन तथा छलफल गरि विद्यार्थीहरुलाई स्पष्ट पारि दिने ।

रोटे, लिङ्गे, चर्खे, खम्बे पिङ कति कति
होश नपुर्याई मच्चाउँदा ज्यानै जाला साथी
पालो गरि पिङ खेल्ने हो झगडा गर्नु हुन्न
शिष्ट, सभ्य भइ पिङ खेले विपद्‌ले छुन्न ।



**ख) माथिको कविता पढि तल सोधिएका प्रश्नहरु अभ्यास पुस्तिकामा सारेर छोटो उत्तर लेख्नुहोस् :**

अ) चङ्गा कुन कुन ठाउँमा उडाउनु हुँदैन ?
आ) सडक वा बाटोमा बसी चङ्गा उडाए के हुनसक्छ ?
इ) विद्यालय चौर वा खेलमैदानका खाल्डाखुल्डी किन पुर्नुपर्छ ?
ई) चङ्गा कस्तो ठाउँमा उडाउनु पर्छ ?
उ) पिङ खेल्दा के कुरामा ध्यान दिनुपर्छ ?

**ग) परियोजना कार्य:**

तपाईँले चङ्गा कहिले र कुन कुन ठाउँमा उडाउनुहुन्छ ? चङ्गा उडाउँदा तपाईँको गाउँमा कुनै समस्या आएको वा घटना भएको छ भने जानकार व्यक्तिलाई सोधेर लेख्नुहोस :

## २) पड्क्यो पटका ड्याम्म

**ख) साथीहरु मिलि लय हालेर गाऔ :**

आगो लगाई फालिदिन्छु आकाशमा ड्याम्म
धुवाँ उड्छ,आँखा पोल्छ, कानमा गर्छ ट्याम्म
रकेट बम र सुतली बम अरु कति कति
जति पड्क्यो उति मजा, नोक्सान मात्रै अति



हात गोडामा चोट लाग्छ  हावा दुषित हुन्छ
ठुलो आवाज,व्यर्थ खर्च,पैसाको नाश हुन्छ
पटकामा आगो उठी, जलाईदिन्छ गाउँ
फोहोर पार्छ,  दुषित हुन्छ, सफा हाम्रो ठाउँ



मिलिजुली अरु खेलौं, पटका नपड्काउ
मान्यजनलाई नसताऔं, साथीभाइलाई  सम्झाऔं
पड्के पछी पार्ने हानी नोक्सान थाह पाई
पटकालाई आजैदेखि गरौं बाइ बाइ  ।

**क.  माथिको कविता पढि तल सोधिएका प्रश्नहरु अभ्यास पुस्तिकामा सारेर छोटो उत्तर लेख्नुहोस :**

अ)  पटका कसरी पड्काईन्छ  ?
आ)  पटकाबाट निस्कने धुवाँले के बेफाइदा हुन्छ  ?
इ)  बजारमा किन्न पाइने कुनै ३ वटा पटकाको नाम लेख्नुहोस् ।
ई)  पटका पड्काउँदा कसरी आग्लागी हुनसक्छ ?

**ख)  कविताको आधारमा दिइएको शब्दहरु राखेर खाली ठाउँ भर्नुहोस् :**

आग्लागी,  आखाँ, पैसा, चोटपटक, प्रदुषण, मिलिजुली

अ)  पटका पड्किंदा निस्किएको धुवाँले वातावरण ................हुन्छ ।
आ)  पटका पड्काएर फाल्दा हामीलाई .............लाग्न सक्छ ।
इ)  जथाभावी पटका पड्काएर फाल्दा घर र गोठमा .................हुनसक्छ  ।
ई)  पटका पड्काउदा ...........को नास हुन्छ ।

**घ) माथिको पाठको आधारमा हावा हुरी चल्दा गर्नु पर्ने र गर्न नहुने कामहरुको सूची तयार गर्नुहोस् :**

| हावाहुरी चल्दा गर्नु पर्ने काम | हावाहुरी चल्दा गर्न नहुने काम |
|---|---|
| १. झ्याल ढोका बन्द गरि घरभित्र बसौं | १. घरभित्र वा बाहिर आगो नबालौं |
| | |
| | |
| | |

**ङ) तपाईंको घर वरिपरी हावाहुरीबाट केहि बर्ष यता के कस्ता घटना घटेका छन् ? यसबाट के कस्तो क्षति भएको छ ? के काम गरेको भए क्षति कम हुन्थ्यो होला ? अभिभावक वा शिक्षकलाई सोधेर लेख्नुहोस् ।**

**च) साथीहरुसँग मिलेर हावाहुरी आएको र यसबाट बच्ने क्रियाकलापको अभिनय गर्नुहोस् :**

## २) चट्याङ





अ) माथिको चित्रमा के के देख्नुभयो ?

आ) यस्ता घटनाहरु घटेको कतै सुन्नु वा देख्नु भएको छ ?

इ) यस्ता घटनाहरुबाट बच्न के गर्नु पर्ला ?

पाठ–५

# सबारी दुर्घटना र सुरक्षाका उपायहरु

## क) चित्र हेरौं, छलफल गरौं र उत्तर लेखौं :



## गीत गाऔं र बुझौं:

हिड्दा सधैं सडकमा, होश गर्ने गरौं,
बीच बाटो हिड्ने होइन, छेउ छेउमा हिडौं,
तीन रङ्गका बत्ती हुन्छन, अर्थ जानी राखौं ।
रातो बल्दा रोक्नु पर्ने, पहेंलो बल्दा पर्खौं,
हरियो बल्दा तयार भइ, खुरुखुरु हिडौं ।

**माथिको चित्रमा के कुरा देखाउन खोजिएको छ ?**

अ) गीतले के भन्न खोजेको छ ?

आ) पानीमा चल्ने, आकाशमा उड्ने र जमिनमा गुड्ने कुन कुन सवारी साधनहरु हुन् ?

इ) सवारी दुर्घटना हुने कारणहरु के के होलान ?

ई) सवारी दुर्घटना तथा यसबाट हुने क्षति कम गर्न के कस्तो सावधानीहरु अपनाउनु पर्ला ?

**सुमन :** आज त धेरै कुराहरु सिक्न पाइयो । (यत्तिकैमा आमाले खाना बोलाउनु हुन्छ र दुवै जना खाना खान जान्छन )

**ग) तलका प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् :**

अ) सवारी साधनहरु कति प्रकारका हुन्छन ?
आ) कस्ता सवारी साधन हरु बढी दुर्घटना हुन सक्छन ?
इ) चालकको के कस्तो लापरबाहीबाट दुर्घटना हुन सक्छ ?
ई) सवारी दुर्घटना कम गर्न कुन कुन कुरामा ध्यान दिनुपर्छ ?
उ) सवारी साधन परीक्षण र ट्राफिक किन गर्नुपर्छ ?

**घ. पाठमा दिइएको आधारमा र थप कुराहरु सोधेर तल दिईए जस्तै तालिका निर्माण गर्नुहोस् :**

| सवारी दुर्घटनाका कारणहरु | सवारी दुर्घटना रोकथामका उपायहरु |
|---|---|
| १. पुराना र थोत्रा सवारी साधनहरु चलाउने | सवारी साधनको निश्चित आयु तोकिनुपर्ने, सवारी साधनको निमित चेक जांच गर्न लगाउने । |
| | |
| | |
| | |
| | |

